## (आ) मदन पुरस्कार गुठीका तत्कालीन सदस्य-सचिव श्री विष्णुप्रसाद धितालले गर्नुभएको धन्यवाद ज्ञापन

# १

*[संवत् २०४८ सालको पुरस्कार 'जगदम्बा-श्री' श्री केदारमान व्यथितलाई र सोही सालको 'मदन पुरस्कार' 'पागल बस्ती' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री सरुभक्तलाई समर्पण गर्न संवत् २०४८ साल आश्विन १५ गते रोज ५ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १३२ बाट उद्धृत गरिएको हो।]*

अध्यक्ष महोदय, उपस्थित महिला तथा सज्जनवृन्द !

कुनै बेला २०११ सालको वैशाख-जेठको साँझतिर त्यसबेलाको सानु पुस्तकालयको (जो बिलियार्ड खेल्ने कोठासँग सम्मिलित थियो) अगाडि बसेर यसै लहडबाजीका कुरा हुँदा "मसित पैसा भए आमाको नाममा निबन्ध प्रतियोगिताको पुरस्कार राख्ने थिएँ" भनेर मैले प्याच्च भनें- किनभने त्यति बेलासम्म आफूले स्कूल र कलेजमा निबन्ध प्रतियोगितामा तक्मा पाएको खुसीको संस्मरण ताजै थियो। नतिजा 'विद्या पुरस्कार'को स्थापना हुन पुग्यो। तिनैताक त्यही वा अर्को साँझमा "पैसा भए त नोबेल पुरस्कार जस्तो नेपालमा पनि चार-पाँचोटा पुरस्कार राख्न सके पो संसारैभरि नाम हुन्थ्यो"-भन्न पनि पुगें। फलस्वरूप केके हुन पुग्यो यहाँहरू सबैलाई थाहै छ। मेरो मामुली सिफारिसमा यो सबै भयो भन्नु भुत्ते धृष्टता मात्र हो- तर भएपछि यस्तो कुरा मैले पनि भनेको थिएँ भनेर आत्मगौरव लिनु मानव मात्रको कमजोरीमा मेरो सामेली भएको मात्र ठानी आफूले आफैमाथि मान थुपारेर अहिले मदन पुरस्कार गुठीसित घनिष्ठतम सम्पर्कमा आउन पाएकोमा आफू कृतकृत्य एवं गौरवान्वित भएको ठानेको मात्र हुं।

यो त भयो सानु व्यक्तिगत पूर्वाङ्ग, अब लागौं आफ्नो काम धन्यवादतिर-

'मदन पुरस्कार' वितरण समारोहको व्यवस्था परम्परागत चलिआएको भन्दा केही रूपमा फरक हुने र सो गराउन जो चाहिने आर्थिक साधनको व्यवस्था पनि भैसकेको भन्ने कुरा पोहोरै यहाँहरूसमक्ष राखिएको थियो। त्यही सिसिलामा यस पटक

बाहिर कुनै भिन्नै एवं भव्य रूपले गर्ने कि भन्नेतर्फ विचार नगएको हैन; तर 'मदन पुरस्कार'को आफ्नै व्यक्तित्व, आफ्नै शैली र परम्परा पनि हेरेर यसको निजी विशेषताको संरक्षणको लागि बाहिर होटल वा कतै सानदार हलमा रमझमका साथ मनाउनुभन्दा लेफ्टिनेन्ट जनरल मदनशमशेर र रानी जगदम्बाको पनि संस्मृति रहने वा उहाँहरूसँग सम्बन्धित कुनै ठाउँमा गर्न पाए राम्रो हुने भन्ने धारणा प्रबल भयो र ठाउँ छान्दा उसबेला, खास गरेर क्रिकेट खेल्दा, उपयोग गरिने रातो बङ्गला अर्थात् हाल रातो बङ्गला स्कूल भएको भवन नै सबैतिरबाट उपयोगी ठहरियो र त्यहीं यथासम्भव भव्य र मनोरम तर सरल तरिकाले मनाउने भन्ने ठहर भयो; त्यसैले यहाँहरूलाई यस थलोमा जम्मा गराइयो। भविष्यमा पनि यही ठाउँमा गर्न पर्छ कि भन्ने अहिलेको विचार छ तर त्यो त अनुभवले नै बताउला। वास्तवमा ले.ज. मदनशमशेरले आफ्नो जीवनकालमा काठमाडौंमा बनाएका सानासाना घर दुइटा मात्र थिए: एउटा गल्फ खेल्न गौचरमा, जहाँ अहिले त्रिभुवन विमानघाट अवस्थित छ; अर्को क्रिकेट खेल्नका निमित्त दरबारनगिचैको रातो बङ्गला। गौचरको घर विमानस्थलले खायो। रातो बङ्गला अहिले रातो बङ्गला स्कुलमा परिणत भयो। मुख्य कुरा, यो स्कूल भवनको प्राङ्गण उपलब्ध गराइदिएकोमा स्कूलको सञ्चालक वर्ग खास गरेर मिलन र शान्ता दीक्षितलाई गुठीका तर्फबाट हार्दिक धन्यवाद छ।

आदिकालमा भनौं, पुरस्कार वितरण वा समर्पण समारोह रानीसाहेब स्वयंबाट हुने गर्दथ्यो। बीचमा मुलुकका प्रसिद्ध नेता वा लब्धप्रतिष्ठित व्यक्तिद्वारा दिलाउने जमर्को गरियो। तर अनुभवले के सिकायो र व्यवहारले के देखायो भने पुरस्कार यथावत् गुठीका अध्यक्षबाट दिलाउनु नै सौम्य र गरिमामय हुने रहेछ। त्यसैले यो अभिभारा बोक्न बिनाहिचकिचाहट स्वीकार गरी महफिललाई सफल पारिदिनु भएकोमा हाम्रा नवनिर्वाचित अध्यक्ष महोदयमा भूरिभूरि धन्यवाद छ।

आजको दिन यस प्राङ्गणमा ब्याउलो भएर रहनुभएका दुई जना प्रतिष्ठित व्यक्ति हुनुहुन्छ। २०४८ को पुरस्कार 'जगदम्बा-श्री' पाउने कविवर व्यथित र 'मदन पुरस्कार' पाउने सरुभक्तजी। यी पुरस्कारहरू उहाँहरूले चाहेर पाउनुभएको हैन। उहाँहरूलाई उहाँहरूको, क्रमश:, सेवा र कृतिको पहिचान स्वरूप चढाइएको हो। तसर्थ यी पुरस्कार स्वीकार गरिदिनुभएकोमा उहाँहरूलाई मुरीमुरी धन्यवाद छ।

बिदा नपरेको दिनको यतिबेला त्यो पनि दसैंको याममा आफ्नो व्यस्त रहने महँगो समयलाई उभाएर यस समारोहलाई उजिल्याउन र यसमा पाइन चढाउन यहाँहरू सबैजना पाल्नुभयो। यहाँहरूको उपस्थितिलाई व्यक्ति विशेषका हाजिरी मात्र नठानी 'मदन पुरस्कार' र 'जगदम्बा-श्री' पुरस्कारमा चाहना राख्ने समस्त नेपाली जन-समाजको प्रतिनिधित्वको रूपमा हामीले सम्झेको हुनाले यसको महत्तालाई हृदयङ्गम गरेर यहाँहरू सबैलाई धन्यवाद टक्र्याउनु म आफ्नो कर्तव्य ठान्दछु।

चलेको परम्परानुसार यस्ता समारोहमा कुनै ख्यातिप्राप्त एवं मर्मज्ञ विद्वान्लाई आमन्त्रण गरी उहाँबाट पुरस्कारबारे केही सुन्नेसुनाउने र साथै गुठीका तर्फबाट पनि कोहीद्वारा केही भन्नेभनाउने पनि चलन छ। यस सिलसिलामा पहिलो खालमा देशका धर्माधिकार बडागुरुज्यू श्री अम्बिकाप्रसाद अधिकारीलाई यसपालि अभ्यर्थना गर्न पुगियो। उहाँले हाम्रो अनुरोधलाई नलत्याई आफ्नो ओहदा र प्रकृतिअनुसार बहुतै व्यस्त छँदाछँदै पनि समय उभारी आएर सारगर्भित भाषण दिनुभएको हामी सबैले कृतार्थ भएर सुन्यौं। गुठीका तर्फबाट बोल्ने अभिमारा यसपालि मास्टर साहेब खड्गमान मल्लजीलाई पऱ्यो। उहाँ हाम्रो, कमलमणि र मेरो मात्र हैन, धेरै नेपालीको मास्टर हुनाले उहाँको आदेश हामीले सानुनय मान्ने गरेझैं चेलाहरूको अनुरोध पनि उहाँले खुसीसाथ स्वीकार गरी सुमधुर एवं परिष्कृत भाषामा जे भन्नुभयो त्यो पनि हामीले सुन्न पायौं। यो उमेरमा आएर उहाँको प्रस्फुटित ताजगी देख्न पाएर हामी सबै मन्त्रमुग्ध भएका छौं। उहाँहरू दुवै जना हाम्रो हार्दिक धन्यवादका पात्र हुनुहुन्छ।

नेपाली समाजमा गहकिला पुरस्कार 'जगदम्बा-श्री' र 'मदन पुरस्कार'ले बितेका केही वर्षमा आफ्नोआफ्नो स्थान ओगटेर दिगो संस्थागत रूपले संस्थापित भएको कुरा स्वत: सिद्ध भैसकेको छ भने अत्युक्ति नहोला। तसर्थ यिनबारे बखतबखतमा जो टीकाटिप्पणी हुन्छन् ती नै यी पुरस्कारको चिरस्मरणका लागि प्राणप्रद हुन्छन्। त, यी पुरस्कारबारे प्रसारण हुनासाथै पत्र-पत्रिकाहरूमा जो भावना व्यक्त गरिए त्यो बहुतै सराहनीय कुरा भएको छ र यस विषयमा चाख लिई आफ्ना-आफ्ना विचार प्रकट गर्ने सबै पत्रकार महानुभावहरू विशेष रूपले धन्यवादका पात्र हुनुहुन्छ। उहाँहरूले जति चाख लियो उति पुरस्कारहरूको उज्यालोपन बढ्दै जान्छ- खरो आलोचना नै किन नहोस्।

तर यसबारे भन्नुपर्ने कुरा के छ भने आपातत: देखापर्न गएको गलतफहमीलाई निराकरण गर्ने भनौं– गएका दुई वर्षमा श्री नारायण गोपाल र "मह" जोडीलाई पुरस्कार 'जगदम्बा-श्री' प्रदान गरिएबाट यो पुरस्कार त कला र संस्कृतिको क्षेत्र अर्थात् परफर्मिङ आर्ट्सको क्षेत्रमा मात्र दिइने रहेछ भन्ने धारणा रहन गई व्यथितजी जस्तो हाउभाउ गर्न नजान्नेलाई दिइएकोमा केही टिप्पणी भए।

वास्तविक कुरा के हो भने यो पुरस्कार नेपाली भाषा-नेपाली वाङ्मयको अभिवृद्धिका लागि उल्लेखनीय सेवा पुऱ्याउने व्यक्ति वा संस्थालाई प्रदान गरी सेवालाई दिइने पुरस्कार हो। साथै यो पनि भनूँ कि– यो पुरस्कार साधारणत: गुठीले छानेर दिने हैन; यसका लागि विज्ञापन हुन्छ, सिफारिस आउँछन्, अनि तिनैमध्येबाट गुठीले, छनौट कमिटीद्वारा, छान्ने हो। कविवर व्यथितको नेपाली भाषाप्रतिको देनमा त मैले केही टीका गर्नु पर्दैन। २०१५ सालमा नै "कवि व्यथित र काव्यसाधना" भन्ने लेखेर श्री कृष्णचन्द्र सिंह प्रधानले 'मदन पुरस्कार' नै पड्काइसक्नुभएको छ।

त्यस्तै सरुभक्तजीले पाएको 'मदन पुरस्कार' अनुभव परिपक्क नभएका नवयुवकको पहिलो कृतिलाई दिइएको भनेर केही टिप्पणी भए। यहाँ यो कुरा मनन गर्न योग्य छ

कि पुरस्कार व्यक्तिलाई नभई कृतिलाई दिइने हो। उहाँको यो एघारौँ कृति हो। वास्तवमा सरुभक्तजीले त स्वयं पुस्तक पेस गर्नुभएको पनि हैन– उहाँको प्रकाशकले नियमानुसार पेस गरेको हो। पहिलो कृतिमा पहिले पनि अरूले पुरस्कार नपाएका हैनन्।

श्री बडागुरुज्यूले आफ्नो भाषणमा "श्री केदारमणिसम्बन्धी पुरस्कारको स्थापना गर्ने" बारे भन्नुभएको छ। यस सिलसिलामा स्मरणीय कुरा के छ भने हाललाई कति वर्ष यता, 'केदार पारितोषिक'को स्थापना भएर जेहनदार विद्यार्थीले त्यसको फाइदा उठाइरहेकै छन्।

संवत् २०१२ सालमा 'मदन पुरस्कार'को स्थापना भए यता नेपाली भाषा र साहित्यको श्रीवृद्धि गर्न हरेक साल भने जस्तो नयाँनयाँ पुरस्कार थपिँदै गएका छन्। प्रत्येक नयाँ पुरस्कारको जन्ममा हामीहरूलाई आफ्नै वंशवृद्धि भए जस्तो खुसी लाग्छ। त्यसैले यस वर्ष थपिएका रहरलाग्दा दुई पुरस्कारका सहृदयी संस्थापकहरूलाई गुठीका तर्फबाट धन्यवाद ज्ञापन गर्नु म आफ्नो कर्तव्य ठान्दछु।

यो समारोहको प्रचलन यस्तै छ। पुरस्कारको वितरण सकिएपछि हल्का जलपानको आयोजना साबिकबमोजिम गरिएको छ। खाद्य सामग्री सारा जुटाई पाहुनाको सत्कार पुऱ्याउने कामको, देख्दा हलुङ्गो तर गहन र गहकिलो, अभिभारा लिइदिनु भएकोमा यस विभागकी नेत्री श्रीमती अञ्जु दीक्षित र उहाँका सहयोगीहरूलाई हार्दिक धन्यवाद अर्पण नगरे हामीलाई खाएको पच्नेछैन भन्ने मेरो धारणा छ।

अन्त्यमा, वर्षमा एकपटक हुने यस भव्य समारोहका लागि अप्रत्यक्ष रूपमा निरन्तर रूपले लागिरहने नेपथ्यकार जस्ता केही सहयोगीहरू पनि छन्– दर्जामा परिचारक नै किन नहून्– ती सबैलाई म गुठीका तर्फबाट धन्यवाद दिँदै र यहाँहरू सबैलाई धन्यवाद दोहोऱ्याउँदै अब चमेना-गृहतिर पाल्नुहुन अनुरोध गर्दछु।

⊠ ⊠ ⊠